बैठक संख्याः ९३ औं

मिति २०८१/०६/०८ गते मंगलबार दिउसो १:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री अमृत कुमार धिताल | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको ९३ औं (मिति २०८१/०६/०८) बैठकका निर्णयहरु

**निर्णय नं १:** यस नगरपालिकाको मिति २०८१/०५/१४ गते बसेको कार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो।

**निर्णय नं २:** यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को भाद्र महिनाको प्रतिवेदन पेश भएको र सो प्रतिवेदन माथि छलफल गरी प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र तपसिल बमोजिमका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | वडा नं | योजनाको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | २ | महेन्द्र राष्ट्रिय आ.वि. | ३२४९९३.१७ | |
| २ | ५ | सिमलबोट थापाडाँडा मोटरबाटो | २२३५७२३.७०६ | |
| ३ | ६ | सलम्बु पार्क बहुउद्देश्यीय भवन | २०७२५११.२१ | |
| ४ | ६ | नगरपालिका प्रशासनिक भवन | ७३१०५८१.०० | छैटौ रनिङ |

**निर्णय नं ३:** यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेको जलश्रोत उपभोक्ता तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । साथै यसै कार्यविधिको दफा ७ बमोजिमको समितिको संयोजकमा वडा अध्यक्ष श्री शेर गम्भिर थापा र महिला सदस्यमा मनिषा परियारलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं ४:** विगतमा यस नगरपालिकाको वडा नं. ९ का केही भुभाग समेत समेट्ने गरी पूर्वी काठमाण्डौं नयाँ सहरी विकास आयोजना सञ्चालनको प्रस्ताव गरिएकोमा वडा नं. ९ का स्थानीय वासिन्दाहरुले २०७८।५।२० मा यस नगरपालिकाका नगर प्रमुखलाई सम्बोधन गरी उक्त आयोजना कार्यान्वयन नगर्नको लागि आन्दोलन तथा ध्यानाकर्षण सम्बन्धी पत्र समेत दिएको हुँदा वडा नं. ९ का केही भुभाग समेत समेट्ने गरी प्रस्ताव गरिएको यस आयोजनामा यस नगरपालिका समावेश नहुने जानकारी पूर्वी काठमाण्डौं नयाँ सहरी विकास आयोजनालाई गराउने निर्णय गरियो ।

**निर्णय नं ५:** मिति २०८१।६।८ गते वसेको नगरस्तरिय विपद् व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरु यस कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| निर्णय नं ६: | यस नगरपालिका वडा नं. ३ भन्ज्याङ निवासी टंक सुनुवारको घर २०८१।५।२१ गतेका दिन वर्षादको कारणले पूर्ण क्षति भएको सन्दर्भमा मिति २०८१।६।८ गते बसेको नगरस्तरिय विपद् व्यवस्थापन समितिको बैठकबाट सिफारिस भए बमोजिम सङ्घ र प्रदेशबाट उपलब्ध हुने तत्कालीन राहत प्राप्तिका लागि तथा अस्थायी एवम् स्थायी आवास पून:निर्माणको लागि लाभग्राही कायम गराई सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने पुनः निर्माण अनुदान रकम जिल्ला विपद् व्यवस्थापन समिति मार्फत उपलब्ध गराउन सिफारिस साथ अनुरोध गरी पठाउने निर्णय गरियो । साथै उक्त आवास पून:निर्माणको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने १५ प्रतिशत रकम स्थानीय विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो । |
| निर्णय नं ७: | यस नगरपालिका वडा नं. ५ सुन्टोल निवासी सेते स्याङतानको छोरा सोमार स्याङतानको घर २०८१।५।२१ गतेका दिन वर्षादको कारणले पहिरो खसी पूर्ण रुपमा क्षति भएको सन्दर्भमा मिति २०८१।६।८ गते बसेको नगरस्तरिय विपद् व्यवस्थापन समितिको बैठकबाट सिफारिस भए बमोजिम सङ्घ, प्रदेशबाट उपलब्ध हुने तत्कालीन राहत प्राप्तीका लागि तथा अस्थायी एवम् स्थायी आवास पून:निर्माणको लागि लाभग्राही कायम गराई सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने पुनः निर्माण अनुदान रकम जिल्ला विपद् व्यवस्थापन समिति मार्फत उपलब्ध गराउन सिफारिस साथ अनुरोध गरी पठाउने निर्णय गरियो । साथै उक्त आवास पून:निर्माणको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने १५ प्रतिशत रकम स्थानीय विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो । |
| निर्णय नं ८: | यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त भत्ता उपलब्ध गराउने सम्बन्धमा मिति २०८१।५।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयबाट गठित कार्यदलको प्रतिवेदन स्वीकृत गरी कर्मचारीहरुलाई २०८१ भाद्र महिनादेखि प्रोत्साहन रकम उपलब्ध गराई आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो। उक्त प्रतिवेदन अनुसूची ३ मा समावेश गरिएको छ। |
| निर्णय नं ९: | मालपोत कार्यालय, साँखुको च.नं. १४३६ मिति २०८१/०६/०६ को पत्रबाट श्रेस्ता व्यवस्थापन तथा कार्यालय व्यवस्थापनको लागि रु ५,००,०००।—(अक्षररुपी रु पाँच लाख मात्र) माग गरेको हुँदा चालु आर्थिक वर्षको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तर्गत अन्य कार्यालय सघ संस्था व्यवस्थापन अनुदान शीर्षकमा विनियोजित रकमबाट हाल रु २,५०,०००।— (अक्षररुपी रु दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो । |
| निर्णय नं १०: | बागमती प्रदेश सरकारले ४५ औं अन्तराष्ट्रिय पर्यटन दिवस, २०२४, यहि मिति २०८१ साल असोज ११ गते यस शंखरापुर नगरपालिकामा मनाउने जानकारी प्राप्त भएकोले उक्त |

| | |
|---|---|
| | कार्यक्रमलाई सव्य र भव्य रुपमा सफल बनाउन उक्त दिन सबै जनप्रतिनिधिहरु कार्यक्रममा उपस्थित हुने र शंखरापुर नगरपालिकाको तर्फबाट निम्न क्रियाकलापहरु व्यवस्थापन गर्ने निर्णय गरियो । |

- सबै वडाहरुबाट कला संस्कृति झल्कने मौलिक झाँकीहरु प्रदर्शन गर्ने ।
- यस नगरपालिकाको सिमाना शुरु हुने वडा नं. ९ को कार्यालय अगाडि स्वागत गेट निर्माण गर्ने ।
- उपस्थित हुने पाहुनाहरुलाई नगरपालिकाको तर्फबाट नेवारी पहिचान झल्कने सगुन प्रदान गर्ने
- उक्त कार्यक्रमस्थलमा वडा नं. १ देखि ९ सम्ममा ऐतिहाँसिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्व राख्ने सम्पदा/क्षेत्रहरुलाई समेट्ने गरी फ्लेक्स बोर्ड तयार गरी राख्ने ।
- माथि उल्लेखित कार्यक्रमहरु गर्न देहाय बमोजिमको खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क.स. | खर्च शीर्षक विवरण | रकम रु | श्रोत |
|---|---|---|---|
| १ | झाँकी व्यवस्थापन (प्रत्येक झाँकीको लागि) | १००००/- | मसलन्द खर्च शीर्षक |
| २ | नेवारी सगुन | ६००००/- | मसलन्द खर्च शीर्षक |
| ३ | स्वागत गेट तथा फ्लेक्स निर्माण | ३०००००/- | मसलन्द खर्च शीर्षक |

अनुसूची १

<u>शंखरापुर नगर कार्यपालिकाको ९२ औं (मिति २०८१/०५/१४) बैठकका निर्णयहरुको समीक्षा</u>

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि पारित गर्ने निर्णय गरियो।<br>क. जेष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१<br>ख. स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०८१<br>अस्थाई शिक्षक नियुक्ती सम्बन्धी कार्यविधि,२०८१ | राजपत्रमा प्रकाशित भएको |
| निर्णय नं ४: | यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि अनुसूची ३ र ४ बमोजिम संशोधन सहित पारित गर्ने निर्णय गरियो।<br>क. शंखरापुर नगरपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि(पहिलो संशोधन),२०७५<br>ख. शंखरापुर नगरपालिका लैंगिक हिंसा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७८ | कार्यान्वयन भई सकेको |
| निर्णय नं ५: | यस नगरपालिकाको इन्द्रायणी नगर अस्पतालमा सेवा विस्तारको लागि बागमती प्रदेश सरकारबाट हस्तान्तरित ससर्त कार्यक्रम अन्तर्गत इन्द्रायणी नगर अस्पताल एक प्रदेश एक निर्वाचन क्षेत्र कार्यक्रम शीर्षकमा विनियोजित रकम रु २०,००,०००/- (अक्षररुपी रु बीस लाख मात्र) बाट व्यवस्थापन गर्ने गरी एक जना MDGP चिकित्सक खुला प्रतियोगितात्मक परीक्षा मार्फत सेवा करारमा लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |

| | | |
|---|---|---|
| निर्णय नं ६: | यस नगरपालिकाको इन्द्रायणी नगर अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नेपाल मेडिकल कलेज अत्तरखेल जोरपाटीसँगको सहकार्यमा हप्तामा कम्तिमा दुई पटक विशेषज्ञ सेवा सञ्चालन गर्ने गरी दुबै पक्षको सहमतिमा समझदारीपत्र तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त समझदारीपत्रमा यस शंखरापुर नगरपालिकाको स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएका नागरिकहरुलाई नेपाल मेडिकल कलेजमा उपचार गर्दा बिमाले नसमट्ने सेवाहरुमा लाग्ने जम्मा शुल्कको २० प्रतिशत वा बढीमा रु पचास हजार मध्ये जुन रकम कम हुन्छ सो रकम नगरपालिकाक स्वास्थ्य बिमा कोषबाट भुक्तानी दिने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं ७: | बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय को आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्नका लागि मिति २०८१/०४/१५ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको वडा नं ८ मा तरकारी (स्कुस) खेती गर्न र वडा नं १ मा गाईपालन गर्ने गरी वडा छनौट गर्ने निर्णय गरियो। साथै समुदायमा आधारित एक वडा एक उत्पादन (दुध) को रु १०,००,०००/- (अक्षररुपी रु दश लाख मात्र) लागत साझेदारीको लागि आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रममा बजेट विनियोजन गरिएको र वडा नं ८ मा तरकारी (स्कुस) खेतीको लागि यस नगरपालिकाको उद्यम विकास कोषबाट लागत | कार्यान्वयन भई सकेको |

| | | |
|---|---|---|
| | साझेदारी गर्न प्रतिबद्धता गरी स्रोतको व्यवस्थापन गर्ने निर्णय गरियो। | |
| निर्णय नं ८: | यस नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/१५ गतेको निर्णयानुसार आर्थिक वर्ष २०८१/८२ मा नगरपालिका तथा सङ्घ र प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयहरुबाट विनियोजित बजेट मार्फत कार्यान्वयन हुने तपसिल बमोजिमका योजनाहरुको लागि उल्लेखित वडाहरुमा रहेका नेपाल सरकारको नाममा दर्ता कायम रहेको सार्वजनिक पर्ति जग्गाहरुमा सार्वजनिक संरचना निर्माणको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम जग्गा प्राप्ति गर्नुपर्ने भएको हुँदा उक्त जग्गाहरुमा देहाय बमोजिमको सार्वजनिक संरचनाहरु निर्माण गर्नको लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाउन सिफारिस समिति समक्ष सिफारिस गर्ने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं ९: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न निकायहरुले जारी गरेको जानकारी तथा कार्यार्थ गरिएका परिपत्रहरु जानकारी गराई सोही बमोजिम गर्ने गरी निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं १०: | यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित अतिरिक्त भत्ता उपलब्ध गराउन लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारीको संयोजकत्वमा योजना शाखा प्रमुख श्री राममणि ढकाल र जिन्सी इकाइ प्रमुख श्री सुबोध थापा रहने गरी कार्यदल गठन गर्ने र | कार्यान्वयन भई सकेको |

| | | |
|---|---|---|
| | उक्त कार्यदलले सात दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो। | |
| निर्णय नं ११: | यस नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाका लागि तोकिएका सूचना अधिकारीहरुलाई **Post paid** सिम कार्ड सहित एक थान मोबाइल तथा सञ्चार खर्च बापत बढीमा रु ५०० मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |

अनुसूची २

शंखरापुर नगरपालिका

साँखु, काठमाण्डौ

योजना अनुगमन तथा सुपरिबेक्षण समिति

आ.ब. २०८१।८२ भाद्र महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८१।८२ को भाद्र महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८१।८२ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन भएका योजनाहरु २०८२ वैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिवद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।

- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

## भाद्र महिनामा अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.स. | वडा नं | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २ | महेन्द्र राष्ट्रिय आ.वि. | ३२४९९३.१७ | |
| २ | ५ | सिमलबोट थापाडाँडा मोटरबाटो | २२३५७२३.७०६ | |
| ३ | ६ | सलम्बु पार्क बहुउद्देश्यीय भवन | २०७२५११.२१ | |
| ४ | ६ | नगरपालिका प्रशासनिक भवन | ७३१०५८१.०० | छैटौ रनिङ |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः राममणि ढकाल | नामः समिता श्रेष्ठ |
| पदः योजना अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८१।५।३१ | मितिः २०८१।५।३१ |

अनुसूची ३

मितिः २०८१।०६।०२

श्रीमान नगर प्रमुखज्यू

शंखरापुर नगरपालिका ।

**विषयः- प्रतिवेदन पेश गरिएको ।**

मिति २०८१।५।१४ गते शंखरापुर नगरपालिकाको ९२ औं कार्यपालिका बैठकमा बिगतदेखि कर्मचारीहरुले पाउँदै आएको १० प्रतिशत प्रोत्साहन रकम २०८१ श्रावण १ देखि नदिएको सम्बन्धमा कार्यपालिका सदस्यज्यूहरुले असन्तुष्टि व्यक्त गरी सोही बैठकबाट निर्णय भए बमोजिम नगरपालिका तथा अन्तर्गत कार्यरत स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त सुविधा उपलब्ध गराउने सम्बन्धमा सुझाव पेश गर्न निम्नानुसारको समिति गठन भएको छ ।

१ लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारी-संयोजक

२ योजना अधिकृत श्री राममणि ढकाल- सदस्य

३ जिन्सी ईकाई प्रमुख श्री सुबोध थापा- सदस्य

**क. पृष्ठभूमीः**

नगरपालिकाबाट विगत तीन आर्थिक वर्ष देखिनै १० प्रतिशतका दरले सबै स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन रकम निःशर्त दिंदै आएको । यसबाट बढी कार्यबोझ भएका तथा तुलनात्मक रुपमा दुर्गम वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्य गर्ने कर्मचारीहरुले समेत सुगम तथा कम कार्यबोझ भएका कर्मचारी सरह नै प्रोत्साहन रकम पाउँदा न्यायोचित नभएको भनी गुनासो गर्दै आएको ।

**ख. उद्देश्यः**

बढी कार्यबोझ भएका र तुलनात्मक रुपमा दुर्गम स्थानमा रही काम गरेका कर्मचारीहरुको मनोवल उच्च राखी अधिकतम कार्यसम्पादन गरी नगरपालिकाबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त गराई सेवाग्रहीहरुलाई सन्तुष्ट पार्ने ।

**ग. प्रोत्साहन रकमको प्रयोजनार्थ नगरपालिकाको क्षेत्र विभाजनः**

यस नगरपालिकाको भौगोलिक विकटता तथा कार्यालयबाट उपलब्ध गराईएको परिवहन सेवाको आधारमा नगरपालिका क्षेत्रलाई **तीन वर्गमा** देहाय बमोजिम विभाजन गरिएको छ ।

| क्र.सं. | वर्ग | क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | क | वडा नं. १ र २ का वडा कार्यालय र स्वास्थ्य संस्था तथा वडा नं. ४ का स्वास्थ्य संस्थाहरु | |
| २ | ख | वडा नं. ५ र ८ का वडा कार्यालय र स्वास्थ्य संस्थाहरु | |
| ३ | ग | वडा नं. ३, ६,७ र ९ का वडा कार्यालय, सेवा केन्द्र र स्वास्थ्य संस्था, ४ नं. वडा कार्यालय तथा नगरपालिकाको कार्यालय | |

घ. माथि उल्लेखित भौगोलिक विभाजनका आधारमा वर्गगत रुपमा निम्नानुसार प्रोत्साहन रकम उपलब्ध गराउन प्रस्ताव गरिएको छ ।

१ शुरु स्केलको १० प्रतिशतले हुन आउने रकम सबै स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई समान रुपले उपलब्ध गराउन सकिने ।

२ **"क"** वर्गमा कार्यरत कर्मचारीहरुलाई क्रम संख्या १ मा प्रस्ताव गरिएको रकममा ५ प्रतिशत थप अर्थात शुरु स्केलको १५ प्रतिशतले हुने रकम उपलब्ध गराउन सकिने ।

३ **"ख"** वर्गमा कार्यरत कर्मचारीहरुलाई क्रम संख्या १ मा प्रस्ताव गरिएको रकममा थप २ प्रतिशत अर्थात शुरु स्केलको १२ प्रतिशत ले हुने रकम उपलब्ध गराउन सकिने ।

४ "ग" वर्गमा कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको १० प्रतिशत मात्र उपलब्ध गराउन सकिने ।

५ "क" वर्गमा कार्यरत **ईन्जिनियरिङ सेवाका** कर्मचारीहरुलाई बढी कार्यबोझं हुने समय माघ देखि असारसम्म शुरु स्केलको २५ प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउन सकिने ।

६ वडा नं. ३, ४, ५ र ८ मा कार्यरत ईन्जिनियरिङ सेवाका कर्मचारीहरुलाई बढी कार्यबोझ हुने समय माघ देखि असार सम्म शुरुस्केलको २० प्रतिशत थप प्रोत्साहन रकम उपलब्ध गराउन सकिने ।

७ "ग" वर्गका वडा नं. ६, ७, ९ का वडा कार्यालयमा कार्यरत ईन्जिनियरिङ सेवाका कर्मचारीहरुलाई बढी कार्यबोझ हुने समय माघ देखि असार सम्म शुरुस्केलको १५ प्रतिशत थप प्रोत्साहन रकम उपलब्ध गराउन सकिने ।

८ यस नगरपालिकामा कार्यरत ईन्जिनियरिङ सेवाका ईन्जिनियर पदमा कार्यरत कर्मचारीहरुलाई बढी कार्यबोझ हुने माघ महिना देखि असार महिनासम्म शुरु स्केलको २० प्रतिशतले प्रोत्साहन रकम उपलब्ध गराउन सकिने ।

९ कार्यालय समयका अतिरिक्त जनुसुकै समय कार्यालयको काममा खटिनु पर्ने कर्मचारीहरुलाई कार्यबोझको आधारमा नगर प्रमुखज्यूले निर्णय गरी थप सुविधा उपलब्ध गराउन नगर सभाले नगर प्रमुखज्यूलाई अखितयार दिए अनुसार हुने ।

१० "क", "ख" र "ग" वर्गका वडा कार्यालय तथा स्वस्थ्य संस्थामा सोही वडाका स्थायी भएका कर्मचारीहरु कार्यरत रहेमा निजहरुलाई शुरु स्केलको १० प्रतिशत मात्र प्रोत्साहन रकम दिन उपयुक्त हुने ।

११ नगर अस्पतालमा कार्यालय समय बाहेक सिफ्ट डयुटीमा खटिने कर्मचारीहरुलाई सिफ्ट डयुटीमा खटिएको प्रतिदिन रु १००।- खाजा खर्च वापत प्रोत्साहन रकम उपलब्ध गराउन सकिने ।

१२ महिनामा ५ दिन भन्दा बढी बिदा/काजमा रहने कर्मचारीहरुलाई कुनै पनि प्रोत्साहन रकम उपलब्ध गराउन उपयुक्त नहुने।

१३ प्रोत्साहन रकम त्रैमासिक रुपमा उपलब्ध गराउन उपयुक्त हुने । यसरी प्रोत्साहन रकम उपलब्ध गराउनु अघि वडा कार्यालय, सेवा केन्द्र र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको अवस्थाको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा र नगर अस्पतालको हकमा नगर अस्पतालको सिफारिसका आधारमा दिन उपयुक्त हुने ।

<u>प्रतिबेदन पेश गर्ने</u>

गोविन्द अधिकारी
संयोजक

राममणि ढकाल
सदस्य

सुबोध थापा
सदस्य